# स्वामीकार्तिक खापर गाउँपालिकाका अध्यक्ष श्री भरत बहादुर रोकाया द्वारा प्रस्तुत आ.व. २०७९/८० को नीति तथा कार्यक्रम

**स्वामीकार्तिक खापर गाउँपालिका**

सुइजिउला वाई, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

**मिति २०७९ असार १० गते**

**यस सम्मानित गाँउसभाका अध्यक्ष महोदय,**
**सदस्य ज्यूहरु तथा अन्य उपस्थित सम्पूर्ण अतिथि महानुभावहरु**

आज यस स्वामीकार्तिक खापर गाउँपालिकाको गरिमामय दोस्रो गाउँसभाको पहिलो अधिवेशनमा उपस्थित भएका छौं । गाउँपालिकाको यस विशेष अवसरमा यहाँहरु सम्पूर्ण सदस्यज्यूहरु लगायत उपस्थित महानुभावलाई हार्दिक स्वागत गर्दछु । गाउँसभाको पहिलो अधिवेशनमा उपस्थित हुँदै गर्दा यस अवसरमा यो व्यवस्थाका लागि मुलुकमा भएका विभिन्न राजनैतिक परिर्वतनका आन्दोलनमा सहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात, अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । नेपालको विभिन्न राजनैतिक परिर्वतनका आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रज नेताज्यूहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । साथै यस स्वामीकार्तिक खापर गाउँपालिकाको समग्र विकासमा आफ्नो अमूल्य योगदान पुऱ्याउनु हुने सम्पूर्ण आदरणीय अग्रजलाई यस गरिमामय सभाबाट स्मरण गर्न चाहन्छु ।

बाजुरा जिल्लाको कर्णाली पारिका बस्ती भनेर चिनिने साविकका गा.वि.स.हरु वाई, जुकोट र साप्पाटा लाई मिलाएर हाल स्वामीकार्तिक खापर गाँउपालिका बनेको हो । यस गाउँपालिकाको बाजुरा जिल्लाका ९ वटा स्थानीय निकाय भन्दा पृथक पहिचान छ । हामी जुम्ला, कालिकोट हुदै हाल बाजुरामा अवस्थित छौ । यस गाँउपालिकाको सिमाना पूर्वमा कालिकोट र मुगु जिल्ला, पश्चिममा जगनाथ गाँउपालिका, उत्तरमा हिमाली गाँउपालिका र दक्षिणमा कालिकोट जिल्ला संग जोडिएको छ । हाम्रो यो गाँउपालिका समुन्द्री सतह देखि ८८० मिटर देखि ३७२० मिटर सम्म फैलिएको छ ।

बर्षो देखि बाढी पहिरो र भोकमरी तथा अभावका कारण पिडित भएका न्याय प्रेमी यस गाउँपालिकाका स्थानीय बासीले मिति २०७९ वैशाख ३० गते सम्पन्न भएको दोस्रो स्थानीय तहको निर्वाचनमा उत्साह पूर्वक सहभागीता जनाउँदै आफ्नो अभिमत जाहेर गरे । साथै उक्त निर्वाचनमा खटिएका राष्ट्रसेवक कर्मचारी, नेपाली सेना, नेपाल सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, म्यादी प्रहरी, पत्रकार, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका सम्पूर्ण मित्रहरुप्रति उच्च सम्मान व्यक्त गर्दै हृदय देखि नै धन्यवाद दिन चाहन्छु ।

**अध्यक्ष महोदय,**

यस गाँउपालिकामा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक जनगणना अनुसार २४४१ घरधुरीमा १४८९६ जनसंख्या रहेको छ । जसमा जन्मेदेखि ५ बर्ष उमेर समूहका १३.९८ प्रतिशत, ५ देखि १५ बर्ष उमेरका २६.७९ प्रतिशत १५ देखि २५ बर्ष उमेरका १३ प्रतिशत, २५ देखि ४० बर्ष उमेर समूहका २७.७७ प्रतिशत, ४० देखि ६० बर्ष उमेर समूहका १३.१७ प्रतिशत, ६० देखि ७० उमेर समूहका ३.७३ प्रतिशत र ७० देखि माथि १.८८ प्रतिशत रहेको छ । गाँउपालिका भित्र ३७ थरीका जातजातिहरुको बसोवास रहेको छ । स्वामीकार्तिक खापर गाउँपालिकाको पश्चिम-उत्तर क्षेत्रमा कैलाश मानसरोवर हुदै समुन्द्री सतह देखि १ हजार मिटर भन्दा कम उचाई भएर बग्ने नेपालकै सवै भन्दा लामो सुन्दर कर्णाली नदी र उत्तरपूर्वमा ५ हजार मिटर सम्मको उचाईमा चुलिएको पहाड भित्रको भौगोलिक, प्राकृतिक, जैविक विविधताले भरिएको पावन भूमि भित्र हाम्रा सुन्दर भविष्यको मार्गचित्र कोर्न सकिने सम्भावना रहेको छ । ११०.५० वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको हाम्रो गाउँपालिकामा वेंसीमा उष्ण मौसमी हावापानी हुदै हिमालको ठन्डा हावापानी बिचको तादम्यताले हाम्रो गाउँपालिकाको सम्पन्नता र सौन्दर्यतालाई उजागार गरेको छ । मानव विकास सूचाकाङ्कमा धेरै पछाडी रहेको हाम्रो गाउँपालिकाको परिचयमा सम्भावना र

अवसरहरुको खोजि गर्दै उपलब्ध स्रोत साधनको समूचित प्रयोग गरी समग्र विकास निर्माणमा नयाँ ईटा थप्नका लागि हामी यस गरिमामय सभामा उपस्थित भै रहेका छौं ।

**अध्यक्ष महोदय,**

गाँउपालिकाको कुल क्षेत्रफल १०९७३ हेक्टर मध्ये ५२५४ हेक्टर जमिन वनजंङ्गल, २२ हेक्टर बलौटे जमिन, १८८० हेक्टर जमिन घाँसे क्षेत्र, ७३४ हेक्टर जमिन बुट्यान तथा झाडी, ४ हेक्टर जमिन चट्टानले ओगटेको छ भने ३०७८ हेक्टर मात्रै खेतीयोग्य जमिन रहको छ । गाँउपालिकाका ९५ प्रतिशत जनसंख्या कृषिमा आश्रित रहेको पाइएता पनि बर्ष भरि खेतमा काम गर्दा ६ महिना पनि खान नपुग्ने अवस्था रहेको छ । यहाँ कृषि बाहेक ज्यालादारी, मजदुरी, व्यापार व्यावसाय, नोकरी, वैदेशिक रोजगार तथा सरसापटी बाट घर परिवारको दैनिक आवस्यकता धानिरहेका स्वामीकार्तिक खापर गाउँपालिका बासी जनताको आर्थिक अवस्थामा परिवर्तन ल्याउने संकल्पका साथ हामी यस गरीमामय सभामा उपस्थित भएका छौ । हामीले हाम्रो जन्मभूमिमा के कसरी कुन चिज उत्पादन गर्दा हाम्रो जीवन सहज र सरल बन्छ त्यसैमा तल्लीन भई लागि पर्नु पर्नेछ ।

**अध्यक्ष महोदय,**

गत आर्थिक वर्ष २०७८/२०७९ को कार्तिक १ देखि ५ गते सम्मको अविरल वर्षाका कारणले व्यक्तिगत सम्पत्ति लगायत सार्वजनिक सम्पत्तिहरु नष्ट भएका छन । प्राकृतिक प्रकोपबाट विभिन्न स्थानमा क्षति पुगि विभिन्न गाउँका बासिन्दाहरु वस्ती जोखिमका कारण वस्ती छोडेर अन्यत्र आश्रित हुनु परेको छ । यस्तो विपद्ले निम्त्याएको प्रकोपको कारणले वडा नं. १ अन्तरगतका भैसेखाली, माझबाडा देखि खोलाहाँ सम्मका दलित वस्ती स्थानान्तरण गरी व्यवस्थित गराउनु छ । त्यसै गरी वडा नं. २ को छुद्धरी र बालुवाको वस्ती पनि नदि कटान र पहिरोका कारणले अन्यत्र सार्नु पर्ने छ । वडा नं. ३ जुकु गाँउ पनि पहिरोका कारणले केही घरमा क्षति पुगेको र अन्य घरमा असर पर्ने देखिन्छ, पालिका भरी धेरै मानिसहरु जोखिममा रहेका छन । विपदले पारेको क्षतीबाट नागरिकलाई व्यवस्थापन गर्न तिर आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम केन्द्रित रहने छ ।

**अध्यक्ष महोदय,**

म अब आगामी आ.व. २०७९/०८० को सबै विधा र क्षेत्रको संयुक्त रुपमा नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभामा प्रस्तुत गर्न गईरहेको छु ।

**अध्यक्ष महोदय,**

**शिक्षा**

१. यस गाँउपालिकामा प्राविधिक शिक्षा पढाउनका लागि एक **बहुप्राविधिक शिक्षालय खोल्न** आवश्यक पहल गरिनेछ ।

२. गाउँपालिका भरिका विद्यार्थी र शिक्षकको अनुपातलाई मिलान गरी शिक्षक अपुग भएको विद्यालयमा शिक्षकको आवश्यक व्यवस्था गरिनेछ ।

३. नेपालको संविधान र शिक्षा ऐन अनुसार माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क गर्दै लगिनेछ ।

४. शैक्षिक क्षेत्रका समस्या समाधानका साथै शैक्षिक गुणस्तरमा देखिएका समस्या समाधानका लागि जनप्रतिनिधिलाई प्रत्यक्ष रुपमा जिम्मेवार बनाउनका लागि महिनामा एक पटक "**विद्यालयमा जनप्रतिनिधि**", कार्यक्रम सञ्चालन गरिने छ । शैक्षिक क्षेत्रमा थप उपलब्धी हासिल गर्न बेला बेलामा आवश्यक अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।

५. वातावरणीय संरक्षणमा टेवा पुगाउनका लागि विद्यालय, शिक्षक र विद्यार्थीको अहम भूमिका हुने भएकाले यस बर्ष देखि **"विद्यालयमा हरियाली कार्यक्रम"** अघि सारिनेछ । पहिलो चरणमा माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई संलग्न हुने गरि विद्यालय हाता भित्र विरुवा रोप्ने र विद्यालयको बातावरण हरियाली बनाइने कार्यक्रम संचालन गरिनेछ र क्रमश अन्य आधारभूत विद्यालयमा समेत यो कार्यक्रम विस्तार गरिनेछ ।

६. कोरोना महामारीबाट सबै भन्दा बढी थला परेको शिक्षा क्षेत्रलाई माथि उठाउनका लागि शिक्षा क्षेत्रमा व्यापक सुधारको नीति अवलम्बन गरिनेछ । पूर्वाधारको विकास, जनशक्तिको विकास र निर्माणाधिन विद्यालयका भवनलाई समयमा नै निर्माण कार्य सम्पन्न गरिनेछ ।

७. बालविकास कक्षा संचालन भएका विद्यालयमा आवश्यकता अनुसार कोटा मिलान गरि अन्य विद्यालय र छुटेका वस्तीहरुमा ईसिडि सेवा विस्तार गरिनेछ ।

८. शिक्षा क्षेत्रको गुणात्मक विकासका लागि आवश्यक शैक्षिक सामग्रीको परिपूर्ति गर्ने नीति लिई शिक्षालाई जीवनोपयोगी र गुणस्तरीयतामा विशेष जोड दिइने नीतिलाई निरन्तरता दिइनेछ ।

९. शिक्षण संस्थाहरुलाई सूचना तथा संञ्चार प्रविधिको प्रयोग तर्फ प्रोत्साहन गर्न कम्प्युटर, प्रोजेक्टर, स्मार्टबोर्ड जस्ता आधुनिक शैक्षिक सामग्रीको प्रयोगमा जोड दिदै भौतिक स्रोत साधन सम्पन्न गरिदै लगिनेछ । विद्यालयहरुलाई सूचना, सञ्चार र प्रविधि सँग जोडनका लागि विज्ञान प्रयोगशाला, पुस्तकालय र आइ.सि.टि. ल्याब सहित इन्टरनेट जडान गरिनेछ ।

१०. गाँउपालिका भरिका विद्यालयहरुको भौतिक पूर्वाधार सुधार तर्फ ध्यान दिदै टीनका छाना तथा टहरालाई बिस्थापित गरी आवश्यकताका आधारमा आधुनिक भौतिक संरचनाहरु निर्माण गर्ने नीती लिइने छ ।

११. शिक्षण सिकाईमा गुणस्तरीयता कायम गर्न कार्यविधि बमोजिम गाँउपालिका अनुदान शिक्षक परिचालनलाई निरन्तरता दिदै व्यवस्थित गर्दै लगिनेछ । विद्यालयको अवस्थाका आधारमा बहुकक्षा शिक्षणको नीति लिईनेछ ।

१२. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गर्न विद्यालय भित्र कुनै पनि राजनीतिक दलका कार्यक्रमहरु संचालन गर्न नदिने व्यवस्था मिलाईनेछ । साथै विद्यालय क्षेत्रको १०० मिटर दुरी भित्र सुर्ती तथा सुर्ती जन्य पदार्थ, मदिरा तथा मध्यपान जन्य पदार्थ र अन्य लागु औषध जन्य पदार्थ विक्रि वितरणमा कडाइका साथ प्रतिवन्ध लगाइनेछ ।

१३. सामुदायिक अध्ययन केन्द्रहरुको स्तर वृद्धि गरी युवा सूचना केन्द्र र पुस्तकालयको रुपमा विकास गर्दै लगिने छ ।

१४. निजी क्षेत्रको लगानीमा संचालन भएका विद्यालयहरुलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाईने छ ।

१५. गाउँपालिकाका सामुदायिक विद्यालयहरुको प्रधानाध्यापकका लागि शिक्षा ऐनमा भएको व्यवस्था अनुसार तहगत शैक्षिक योग्यतालाई अनिवार्य लागू गरिनेछ ।
१६. विद्यालयलाई स्वच्छ खानेपानीको व्यवस्था गर्नुका साथै पूर्ण सरसफाई गर्ने नीति लिईनेछ ।
१७. विद्यालयमा दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
१८. स्वयमसेवक शिक्षकहरु लाई पोशाक भत्ता उपलब्ध गराईनेछ ।
१९. सबै विद्यालयहरुले एक शैक्षिक शत्रमा अनिवार्य एक पटक आधारभूत तथा माध्यामिक तहका विद्यार्थीहरुलाई शैक्षिक भ्रमण गराउने नीति लिईने छ ।
२०. गाउँपालिकामा जिल्ला स्तरीय खेलकुद आयोजना गर्न सकिने खालको खेल मैदान निर्माण गरिनेछ ।
२१. दलित तथा विपन्न परिवारका उत्कृष्ट छात्र छात्राहरुलाई उच्च शिक्षा पढनका लागि हिमाली छात्रबृति कोषको स्थापना गरिनेछ ।
२२. शिक्षा ऐन र गाउँपालिका अुनदान, करार/राहात, इ.सि.डि. स.का र विद्यालय कर्मचारी तथा सहयोगी कार्यविधि संशोधन गरिनेछ ।
२३. स्वामीकार्तिक खापर गाउँपालिकामा क्याम्पस संचालनको कार्य अगाडि बढाइनेछ ।

## सडक तथा भौतिक संरचना

१. मिगु देखि फयालगाँउ सम्मको सडकलाई यसै आर्थिक बर्षमा स्तरोन्नती गरि बाह्रै महिना संचालन हुने बनाउदै, ५ वटै वडा कार्यलय र वडाका सबै वस्तीमा सडक सञ्जालले जोडिनेछ । गाउँपालिकाको वडा नं. २ बाट कालिकोट सिमाना हुँदै लौठी-घेजाड-काटकोईराला-जोरु सैदेवको लेखाली सडक निर्माणलाई उच्च प्राथमिकता राखी कार्य अगाडी बढाईनेछ ।
२. गाउँपालिकाले मोटो रकम खर्चेर पनि प्राविधिक त्रृटी तथा विविध कारणले हाल सम्म राम्रोसंग संञ्चालन हुन नसकेको कर्णालीको फेरी बोटलाई पूर्ण सुचारुको अवस्थामा ल्याउन लगाई सकेपछि फेरी संचालनको उचित संयन्त्र र कार्यविधि बनाई व्यवस्थित रुपमा संचालन गरिनेछ ।
३. स्वामीकार्तिक खापर गाउँपालिकाको काम्तीमा प्रदेश सरकारले बोलपत्र आह्वान गरिसकेको बेलिब्रिज अहिलेको महंगीका कारणले कुनै पनि ठेकदारले विट गर्न नमानेको हुँदा त्यसको लागत पुन मूल्याङ्कन गर्न प्रदेश सरकारसँग पहल गरिनेछ ।

## सिचांई, खानेपानी र विधुत

१. गाउँपालिकाको प्राथमिकतामा रहेको वाईको लिफ्ट सिँचाईलाई प्राथमिकतामा राख्दै यसै आर्थिक बर्ष भित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।
२. ढिकुरी लघुजलविद्युत आयोजनालाई छिटो भन्दा छिटो सम्पन्न गरी सेवा विस्तार गरिनेछ ।
३. विद्युत सेवाबाट बन्चित भएका वस्तीलाई विद्युत सेवा विस्तार यसै वर्ष भित्र गरिनेछ ।
४. गाउँपालिकाकाका पाँच वटै वडा भित्र सञ्चालन भईरहेका योजनालाई समय भित्र सम्पन्न गरिनेछ । साथै खानेपानीबाट बन्चित रहेका वस्तीका समुदायमा खानेपानी योजना विस्तार गरिनेछ ।
५. गाउँपालिका भित्र रहेका सिंचाई कुलाको स्तर उन्नती गरर्दै लगिनेछ ।

**कृषि तर्फ**

१. सामूहिक र व्यक्तिगत ढंगले संचालन गरिएका कृषि व्यवसायलाई उत्पादन वृद्धी गर्नका लागि साना सिँचाई र पानी टंकीको सहयोग गरिनेछ ।
२. कृषि पेशालाई सम्मानित, मर्यादित र यूवा वर्गको आकषणको पेसा बनाउँन, कृषि उत्पादनलाई प्रतिष्प्रधि पेशाका रुपमा स्थापित गर्न र स्वरोजगार सृजना गर्नका लागि **"योगदानमा आधारित कृषक पेन्सन योजना"** यसै आ.ब. बाट लागु गरिनेछ ।
३. खाने तेलको मूल्य दिन प्रतिदिन बढीरहेको समयमा यस स्वामिकार्तिक खापर गा.पा. भरी सहज उत्पादन गर्न सकिने **सुर्यमुखी, तोरी, तील, भटमास र ढटेलोको** खेती गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।
४. विपन्न अवस्थामा रहेका व्यक्ति र समुदायलाई आय आर्जन र व्यवसायी बनाउने उदेश्य अनुरुप व्यवसायीक कृषि कार्यक्रम लागू गरिनेछ ।
५. कृषिमा आवद्ध भएका व्यवसायिहरुको विभिन्न जोखिमबाट बच्नका लागि कृषि विमा र पशुपंक्षी विमाको व्यवस्था मिलाईनेछ ।
६. युवा र विपन्न व्यक्तिहरुलाई पशु व्यवसायमा आर्कषण बढाउनका लागि पशुपंक्षी फर्म स्थापनाका लागि आवश्यक सहयोग गर्ने नीति लिईनेछ ।
७. माछा पालन कृषकहरुलाई अनुदान दिने नीति लिईनेछ । साथै माछाको नर्सरी स्थापनाका लागि कृषक समुहहरुलाई प्रोत्साहन गरिनेछ ।
८. गाउँपालिका भित्रका पशुको नस्ल सुधार कार्यक्रम अगाडी बढाउदै **"एक घर एक दुहुनु गाई"** भएको अवधारणा लिदै यस क्षेत्रकै दुग्ध जन्य उत्पादन गर्नका लागि दुग्ध डेरी स्थापना गर्ने नीति लिईनेछ ।
९. गाउँपालिका र वडा स्तरीय कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ ।
१०. गाउँपालिकामा उत्पादन भएका तरकारी तथा फलफूल खरिद र बजारीकरणको कार्य अगाडी बढाउने नीति लिईनेछ ।
११. स्वामीकार्तिक खापर गाउँपालिका भित्रको कृषि उत्पादन क्षेत्रलाई बाली विविधिकरण र बिशिष्टिकरण गर्ने नीति लिईनेछ ।
१२. जलवायु अनुकूलन खेती प्रणालीको विकास गरी रैथाने बालीको संरक्षण, प्रर्वद्धनमा जोड दिदै उत्पादनमा बृद्धि गर्ने नीति लिईनछ ।
१३. कृषकले उत्पादन गरेको कृषिजन्य उत्पादनलाई बजारीकरण गर्नका लागि गाउँपालिकाले आवश्यक सहयोगको नीति लिइनेछ । साथै कृषि उपजहरुको मूल्य निर्धारण गरी हप्तामा एक दिन सवै वडाहरुको पायक पर्ने ठाउँमा कृषिमेला, हाटबजार संचालन गर्ने नीति लिईनेछ ।
१४. युवा बेरोजगारीलाई व्यवसायिक बनाउने उद्देश्य अनुरुप कृषि तथा पशुपंक्षी व्यवसाय गर्ने युवा उद्यमीहरुलाई पूर्वाधार तथा कृषि सामग्री, प्राविधिक सहायता, पशु उपचार व्यवस्था र विउबिजनमा आवश्यक सहयोग गरिने नीति लिइनेछ ।
१५. गाउँपालिकालाई अर्गानिक गाउँपालिका बनाउने उद्धेश्य अनुरुप जैविक मल उत्पादन गर्ने नीति लिइनेछ ।
१६. गाँउपालिका भित्र पशु स्वास्थ्य उपचार, गोठे मलसुधार र भकारो सुधार कार्यक्रमलाई संचालन गरिनेछ ।
१७. भेडा फार्म संचालन भइरहेकोले सो कार्यक्रमलाई आगामी आ.व.मा पनि निरन्तरता दिईनेछ ।

१८. फलफुल खेती प्रवर्द्धन तथा कृषकलाई व्यवसायिक बनाउनका लागि गाउँपालिकाका पाँचै वडाको उपयुक्त जमिनमा फलफूल खेती विस्तार गरिनेछ ।
१९. बाली विशेषका आधारमा पकेट क्षेत्र विस्तार गरिनेछ ।
२०. (Vegetable, Dram, Cow and Enargy) VDCE कृषि कार्यक्रम स्वामीकार्तिक खापर गाउँपालिकाको एक गाउँबाट सुरु गरी यसको प्रभावकारीता लाई हेरी सवै वडाहरुमा लागु गर्ने नीति लिईनेछ ।

**स्वास्थ्य तर्फ**

१. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार, आधारभुत स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य शिविर, सुत्केरीलाई पोषणयुक्त आहारको व्यवस्था गरिनेछ ।
२. सुत्केरी महिला र दुर्घघटनामा परेका विरामीलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।
३. जेष्ठ नागरिकहरुलाई घरमै स्वास्थ्य सेवा पुगाउने व्यवस्था गरिनेछ ।
४. विशेष परिस्थितिमा एयर एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।
५. गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी सामुदायिक स्वास्थ्य ईकाइहरुमा राज्यद्वारा घोषित निःशुल्क औषधी खरीद एवं वितरण कार्य समयमा नै खरीद एवं वितरण गरी औषधी अभाव हुन नदिने नीति अवलम्बन गरिनेछ ।
६. जनस्वास्थ्यलाई अत्यावश्यक आधारभुत मौलिक अधिकारका रुपमा स्थापित गर्दै स्वास्थ्य संस्थाको स्तरोन्नती एवं स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय बनाईनेछ ।
७. स्वास्थ्य चौकीलाई व्यवस्थित गर्दै आवश्यक उपकरणहरुको व्यवस्था गरिनेछ ।
८. सुत्केरी महिलाहरुसंग उपाध्यक्ष कोसेली कार्यक्रम लागु गरीनेछ ।
९. गर्भवती महिलालाई नियमित स्वास्थ्य जाँच गरे वापत प्रोत्साहन स्वरुप २ पोका आयोडिनयूक्त नून र पोषण सामग्री उपहार कार्यक्रम लागु गर्ने नीति लिईनेछ ।

**धार्मिक, पर्यटन, वन पैदावार तथा अन्य सबै**

१. धार्मिक पर्यटन व्यवसायको सम्भावना अध्ययन गरिनेछ । पुराना धार्मिक क्षेत्रहरुको पुनः निर्माण र मर्मत सम्भार गारिनेछ ।
२. पर्यटनको प्रचुर सम्भावना र महत्व रहेको पादुका देखि देउरा जोडने जिपलाईनको डिपीआर गरिनेछ ।
३. गाउँपालिका भित्र रहेका परम्परागत मठ मन्दिरहरुको निर्माण तथा जीर्णेद्वारका साथै सरसफाई स्वच्छता कायम गर्न आवश्यक कार्य अगाडी बढाइनेछ ।
४. पर्यटकको मनोरञ्जनको लागि कर्णाली नदीमा संचालन गरीदै आएको जलयात्रा सेवा (ऱ्याफ्टिङ) लाई गाउँपालिकाले संचालन गर्दा व्यवस्थापकीय हिसावले विभिन्न समस्या आउँने गरेको देखिएको सन्दर्भमा यसको व्यवस्थापकीय सम्पूर्ण पाटो नीजि क्षेत्रलाई हस्तान्त्रण गर्ने नीति लिईनेछ ।
५. पुराना पोखरी, ताल, मुहानको संरक्षण गरि प्रयोगमा ल्याइनेछ ।
६. वन वातावरणको संरक्षण गरिनेछ । उपयुक्त खाली जमिनमा वृक्षारोपण गरिनेछ । अनाआवश्यक वन जंगल फडानी कार्यलाई पूर्ण रुपमा निषेध गरिनेछ । वनमा रहेका ढले पडेका काठहरुको उपयोग गर्ने नीति लिईनेछ ।

७. स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्र भित्र मनाईने कला, लोक संस्कृति र स्थानीय चाडपर्वलाई समयानुकूल व्यवस्थित रुपमा मनाउने नीति लिइनुका साथै परम्परागत लोक संस्कृति भुव, भैलो, चाली, मागल, चाँड्ची, देउडालाई लिपीबद्ध गरी अडियो र भिडियो डकुमेन्ट्री तयार गरिनेछ ।
८. धर्मिक तथा एग्रो टुरिजमलाई प्रवर्द्धन गर्न आवश्यक नीति लिईनेछ ।
९. विपद्मा परेका, अति विपन्न, ठूला रोगबाट ग्रसित व्यक्तिलाई उपचारका लागि कार्यविधि अनुसार आर्थिक सहयोग गरिने छ ।
१०. अपाङ्ग, टुहुरा, विपन्न, दलित, जेष्ठ महिलाका लागि उचित राहतको व्यवस्थापन गरिने छ ।
११. ७० बर्ष भन्दा माथिका बृद्धा बृद्धहरुलाई घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ ।
१२. जेष्ठ नागरिहरुको ज्ञान, सिप तथा अनुभवहरुलाई पुस्तान्तरण गर्नका लागि टोल वस्तीमा जेष्ठ नागरिक मिलन केन्द्र संचालन गरिनेछ ।
१३. जैविक विविधता संरक्षणको नीति लिईनेछ ।
१४. पर्यटनमैत्री वातावरण तयार गर्न आवश्यक सचेतनामूलक कार्यक्रम संचालनको नीति लिईनेछ ।
१५. यस गाउँपालिका क्षेत्रमा पर्ने कर्णाली नदीलाई स्वच्छ , सफा राख्ने  नीति लिईनेछ । नदीजन्य वस्तु ढुङ्गा, बालुवा र गिट्टीको उत्खनन लाई व्यवस्थित गरीनेछ ।
१६. मानिसको मृत्यु हुँदा, जन्मदा वा जन्मदिन मनाउँदा सो अवसरमा प्रत्येक नागरिकले एक ओटा विरुवा रोप्नु पर्ने नीति लिईनेछ ।
१७. परम्परागत पेशा, धार्मिक, सांस्कृतिक, कार्यमा संलग्न पेशागत समूहको पेशा संरक्षणको उचित व्यवस्थापन गरिने छ ।
१८. युवा उद्यमीहरुलाई कृषि, पशु पालनमा आवद्ध गरीनेछ । जसका लागि गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ ।
१९. घरेलु उद्योग खोल्नका लागि प्रोत्साहन दिइनेछ ।
२०. विकास निमार्णका कार्यलाई असोज महिनाको पहिलो हप्ता भित्र सञ्चालनमा ल्याइने छ ।
२१. समयमै काम नगर्ने र गुणस्तरहिन काम गर्ने ठेकादारलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ । साथै गुणस्तरीय रुपमा समयमा नै कार्य सम्पन्न गर्ने निमार्ण व्यवसायीहरुलाई पुरस्कृत गर्ने निति लिईनेछ ।
२२. कार्य सम्पादन मूल्याङ्कनका आधारमा  कर्मचारीहरुलाई पुरस्कार र दण्डको नीति लिईनेछ ।
२३. वित्तीय संस्था र सहकारी संग समन्वय गरिनेछ । साथै उत्पादनका क्षेत्रमा लगानीका लागि सहकार्य गरिने छ । नियम विपरितका कार्य गर्ने संघ संस्थालाई कानुनी कारवाहिको दायरामा ल्याइनेछ ।
२४. गाउँपालिकाको प्रशाासनिक भवन र पालिका अस्पताल भवनको निर्माण कार्यलाई गुणस्तरी र समयमै निमार्ण कार्यलाई सम्पन्न गराउनका लागि अनुगमन संयन्त्र बनाई स्तरीय भवन निमार्णमा आवश्यक पहल गरिनेछ ।
२५. यस गाँउपालिका भित्र विभिन्न दातृ निकाय, गैर सरकारी संस्था तथा नीजि क्षेत्रहरुलाई काम गर्ने सहज र उपयुक्त वातावरण मिलाइनेछ । जसका लागि साझेदारी कोषको स्थापना गरी बजेटको व्यवस्था गरिनेछ ।
२६. विदेशबाट फर्किएका जनशक्तिलाई उनीहरुले आर्जन गरेको ज्ञान र सिपलाई प्रयोगमा ल्याउनका लागि र आत्मनिर्भर बनाउने गरी आयआर्जनमूलक कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।
२७. विभिन्न योजनाका मर्मत संम्भार कोषको रकममा पारदर्शीता ल्याइनेछ ।

२८. बाढी पहिरोको प्रभावले जोखिममा परेका घर बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने नीती लिइनेछ ।

२९. गाउँपालिका भरि उत्पादन हुने विभिन्न जडीबुटीलाई पालिका स्तरीय संकलन केन्द्रमा संकलन गरी आवस्यकता अनुसार प्रशोधन तथा विक्रि वितरण गरिनेछ ।

३०. गाउँपालिका भित्र जुवा, तास, मदिरा सेवन गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

३१. गाउँपालिकाका हरेक सेवा प्रणालीलाई समुचित स्तरउन्नती गरिने छ । सेवाग्राहीले समयमै सेवा पाउनु पर्ने मौलिक अधिकारलाई गाउँपालिकाले पूर्ण रुपमा लागू गर्नेछ । सेवाग्राहीको सुविधाको लागि गाउँपालिकामा नागरिक सहायता कक्ष खडा गरी छिटो छरितो सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

३२. नागरिकलाई प्रवाह गरिने सेवालाई सम्मानजनक र मुस्कान सहितको सेवा प्रवाहको नीति लिईनेछ ।

३३. तराईको इनारको पानी जार र बोतलमा राखी पहाडमा खानु भन्दा पहाडको शुद्ध चिसो पानी प्रशोधन गरी **"स्वामीकार्तिक मिनरल वाटर"** नामक पानी उत्पादनको लागि नीजि क्षेत्रसंग आवश्यक सहकार्य गरिनेछ ।

३४. प्राकृतिक जोखिमबाट बच्नका लागि आवश्यक पूर्व तयारी गरिनेछ । जोखिमयुक्त वस्तीलाई सुरक्षित ठाउँमा स्थानान्तरण गरिनेछ । जसका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापनका लागि सम्वन्धित निकाय समक्ष आवश्यक पहल गरिने छ । विपत् जोखिम न्यूनिकरण कार्ययोजना तयार गरिनेछ ।

३५. कृषकको आर्थिक स्तर वृद्धि गर्ने उद्देश्यले गाउँपालिकाका पाँच वटै वडामा स्याउ लगायत विभिन्न फलफूलका विरुवा उत्पादन गर्ने नर्सरीको स्थापनाको नीति लिईने छ ।

३६. निजी र सार्वजनिक तथा बाँझो जमिनलाई उपयोग गर्ने नीति अनुरुप सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

३७. प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका वस्ती, टोलहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिने छ ।

३८. प्राकृतिक प्रकोपबाट क्षति भएका सार्वजनिक भौतिक संरचनाहरुको पुनः निमार्ण गरिनेछ । प्राकृतिक प्रकोपबाट प्रभाावितहरुले यस गाउँपालिकाबाट लिने सेवामा लाग्ने शुल्कमा छुट दिइनेछ ।

३९. स्वच्छ खानेपानी तथा सरसफाई सम्बन्धी तयार भएको गुरुयोजनाका आधारमा गाउँपालिका भरी स्वच्छ, शुद्ध र पर्याप्त खानेपानीको व्यवस्था गरिने छ ।

४०. खानेपानी योजनाहरुको प्रभावकारी संचालनका लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ ।

४१. हाम्रो आफ्नो बजार र नयाँ बस्ती विकासका लागि एकिकृत वस्ती विकास योजनालाई संचालन गर्न पहल गरिनेछ ।

४२. खानेपानी तथा सिँचाईका मुहानहरुका साथै सिम क्षेत्रको संरक्षण गर्नका लागि विशेष कार्यक्रम लागू गरिनेछ ।

४३. गाउँपालिकाका विभिन्न सवारी साधन तथा जे.सी.वी., एम्बुलेन्स, फेरी, भेडा फर्म, र स्याउँ फर्मको व्यवस्थित संचालनको नीति लिईनेछ ।

४४. स्वामीकार्तिक खापर गाउँपालिकाको योजनाबद्ध, दिगो र वातावरणमैत्री विकासका लागि एकिकृत विज्ञ टोलीको अध्ययन गराई सोहि अनुसार विकास गतिविधी संचालनको नीति लिईनेछ ।

४५. वन जंगलको संरक्षण, विस्तार गर्दै वनलाई थप व्यवस्थापन गरिने छ । वन तथा वनबाट प्राप्त हुने जडिबुटी, काष्ठ तथा गैर काष्ठ उपयोग गर्ने नीति लिईनेछ ।

४६. काठका सामग्री उत्पादन गर्नका लागि युवाहरुलाई तालिम दिनुका साथै स्थानीय व्यवसायीहरुलाई आवश्यक सामग्री दिने व्यवस्था गरिनेछ ।

४७. फर्निचर उद्योग संचालन गर्ने व्यवसायीलाई आवश्यक औजार तथा सीप विकासमा सहयोग गरिनेछ ।

४८. नमूना कार्य गर्ने यूवा उद्यमीहरु लाई पुरस्कार तथा अनुदानको व्यवस्था मिलाईनेछ ।

४९. "**स्वामीकार्तिकको रहर, सानो, स्वस्थ र खुसी परिवार**" भन्ने नारालाई सार्थक बनाउँन आवश्यक नीति लिईनेछ ।

५०. गाउँपालिकामा विपद व्यवस्थापन कोषको स्थापना गरिनेछ । साथै सम्पुर्ण विपद तथा जोखिम न्यूनीकरण कार्य योजना बनाई लागू गरिनेछ ।

५१. कुनै पनि जडिबुटी संकलन गर्दा बिउ नष्ट हुने गरि संकलन गर्न पाइनेछैन । साथै जडिबुटीको खेती गर्ने कृषकका लागि प्रोत्साहन गरिनेछ ।

५२. साना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि पूँजीगत बजेटबाट केही बजेट मर्मत सम्भार कोषमा विनियोजन गरिनेछ ।

५३. एक लाखको लागतमा सम्पन्न हुने योजना तथा कार्यक्रममा अध्यक्षको सोझै तोकबाट योजना छनोट गरी रकम विनियोजन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

५४. हाल संचालनमा रहेका झोलुङ्गेपुलहरुको संरक्षण, मर्मत संम्भार गर्दै आवश्यकता अनुसार थप नयाँ झोलुङ्गे पुलहरु निर्माण गर्न पहल गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५५. गाउँपालिकाका लागि आवश्यक पर्ने मेशिनरी औजार तथा सवारी साधन खरिद गरिनेछ ।

५६. बेरोजगार यूवाहरुलाई उद्यमशिलता तथा व्यवसायिक सचेतिकरण गर्ने नीति लिईनेछ ।

५७. फरक क्षमता, ज्ञान, सीप भएका गाउँपालिका भित्रका बेरोजगार यूवा यूवतीहरुलाई तालिम अनुसारको कामको सुनिश्चतताका लागि रोजगार सूचना केन्द्र स्थापना गर्ने नीति लिईनेछ ।

५८. व्यवसायिक कृषिलाई प्रवर्द्धन गर्नका लागि आकाशे ट्याकी, हिउँपोखरी, पोखरी ,थोपा सिँचाईको व्यवस्थापन गरिनेछ । स्वामीकार्तिक खापर गाउँपालिकाको खेतीयोग्य जमिनमा सिँचाईको सुविधाका लागि सम्भाव्यता अध्ययन गर्ने र लाभका आधारमा सिँचाई कुलो निर्माण गरिनेछ ।

५९. गाउँपालिका केन्द्र रहेको क्षेत्र तथा आसपासमा चालु आर्थिक बर्ष देखि सहरी तथा भवन निर्माण मापदण्ड २०७२ र राष्ट्रिय भवन संहिता तथा मापदण्ड लाई सरकारी तथा गैरसरकारी संस्थाका भवन निर्माण गर्दा पालना गर्न लगाईने र क्रमश सबै वडाहरुमा नक्सा पास गरि घर निर्माणमा गर्ने नीति लिईनेछ ।

६०. घर छाना निर्माणका लागी वडा तथा गाउँपालिका बाट अनुमति लिई सकेपछि मात्र सामुदायिक वनहरुले पुर्जी दिने व्यवस्था मिलाइनेछ ।

६१. गाउँपालिकामा आवश्यक पर्ने विद्युत आपूर्तीका लागि हाल राष्ट्रिय प्रसारण लाइन विस्तारको कार्य भै रहेकाले यस गाउँपालिकामा पनि राष्ट्रिय प्रसारण लाइन विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

६२. गाउँपालिकालाई सूचना तथा प्रविधि मैत्री बनाउन वडा कार्यालय, स्वास्थ्य क्षेत्र र विद्यालयहरुमा इन्टरनेटको व्यवस्था साथ सूचना प्रविधि सम्बन्धी कार्यकम संचालन गर्ने नीति लिइनेछ ।

६३. गाउँपालिकाबाट सञ्चालित विविध कार्यक्रम तथा सेवा प्रवाहको अधिकतम रुपमा सार्वजनिकीकरण गरी पारदर्शिता र जबाफ देहितामा अभिवृद्धि गर्न रेडियो, पत्रपत्रिका र अनलाइनको प्रयोग गरिनेछ ।

६४. सूचना माग्ने र पाउने आम नागरिकको संबैधानिक अधिकार भएकाले सोको प्रत्याभूती गर्न गाउँपालिकाले आफ्नो गतिबिधिहरुलाई बिभिन्न माध्यामबाट सहज र सर्बसुलभ रुपमा सूचना प्राप्त गर्न सक्ने व्यवस्था मिलाईनेछ ।

६५. स्थानीय पत्रिका, एफ.एम रेडियो मार्फत गाँउपालिकाका गतिविधि तथा नीति नियमहरु आवश्यकता अनुसार प्रकाशन र प्रशारण गरिनेछ ।

६६. गाउँपालिकामा भए गरेका सम्पूर्ण गतिविधीलाई वेइबसाइट मार्फत सार्वजनिक गरिनेछ ।

६७. नागरिक र जनप्रतिनिधि बिच गाउँपालिकामा भए गरेका कामको समिक्षा गर्ने उदेश्यले जनतासंग अध्यक्ष कार्यक्रम संचालन गरिनेछ ।

६८. मृतक परिवारसंग अध्यक्ष शान्तोना कार्यक्रम लागु गरिनेछ ।

६९. गाउँपालिकामा निमार्ण हुने भौतिक पूर्वाधार लगायत अन्य कार्यक्रमहरुको प्रभावकारी मूल्याङ्कन तथा अनुगमनका लागि अन्तर वडाका जनप्रतिनीधि तथा प्राविधिकहरुलाई क्रसचेकिङको अनुगमन नीति लिईने छ । अनुगमन प्रर्णालीलाई चुस्त, पारदर्शी र प्रभावकारी बनाउँनका लागि पत्रकार, नागरिक समाज सरोकारवाला मञ्चका प्रतिनिधिहरुको समेत संलग्नता गरी चुस्त र प्रर्भावकारी अनुगमन गरिनेछ ।

७०. स्वामीकार्तिक खापर गाउँपालिकामा भित्र उपभोक्ता समितिबाट निमार्ण हुने योजनाहरुको सन्दर्भमा निमार्ण कार्यलाई गुणस्तरीय तथा दिगो बनाउँनका लागि लागत रकमको ५ प्रतिशत रकम उपभोक्ता समितिका अध्यक्ष वा समितिले पूर्व समितिको खातामा जम्मा गर्ने साथै योजना निमार्ण भए पश्चात उक्त रकम गुणस्तरका आधारमा निकासा दिने नीति लिईनेछ । साथै योजना निर्माण गर्दा आवश्यक पर्ने प्रकृया समेटिएको हाते पुस्तिका तयार गरी लागू गरिनेछ ।

७१. गाउँपालिका भित्र निमार्ण सम्पन्न भएका १० लाख लागत भन्दा माथिका भौतिक निमार्णका योजनाहरुलाई कम्तीमा ५ वर्ष सम्म पुन त्यसै योजनामा प्राकृतिक प्रकोपले क्षती गरेको अवस्थामा बाहेक स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारबाट सहयोग उपलब्ध नगराउने नीति लिईनेछ ।

७२. सम्पूर्ण उपभोक्ता समिति गठनमा महिला मात्र हुने नीति लिइएको छ ।

७३. नीजि, सहकारी तथा सार्वजनिक क्षेत्रको सहकार्यमा आय आर्जनका कार्यक्रम अगाडी बढाईने नीतिलाई निरन्तरता दिइनेछ ।

७४. आन्तरिक आयलाई सबल बनाउन राजश्वमा सुधार गर्न करका दायरालाई फराकिलो बनाई करदाता मैत्री वातावरण तयार गरिनेछ ।

७५. आन्तरिक आय वृद्धि गर्नका लागि राजश्वको स्रोतहरु पहिचान गरिनेछ ।

७६. टेलिफोन टावर, केवललाईन, होडिङबोर्ड, संचार माध्यममा प्रशारण हुने विज्ञापनमा कर लगाईनेछ ।

७७. एकिकृत सम्पती करलाई बिस्तार गरी पूर्ण रुपमा लागू गरिनेछ ।

७८. गाउँपालिकाले विभिन्न क्षेत्र बाट प्राप्त गर्ने कर, शुल्क, तथा अन्य दस्तुरहरुलाई प्रभावकारी रुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायहरुसंग सहकार्य गरिनेछ ।

७९. नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलब्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा गरिनेछ ।

८०. विद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार गर्दै गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

८१. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

८२. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न गलत अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

८३. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०८३ भित्र गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ ।

८४. विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परीक्षणको व्यवस्था मिलाइनेछ ।

८५. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजी क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

८६. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८७. गाउँपालिकामा खानेपानीको गुणस्तर मापनका लागि गाउँपालिकामा संचालन भएको पानीको गुणस्तर मापन ल्याव (Water Quality Test Lab) लाई निरन्तरता दिइनेछ ।

८८. गाउँपालिकामा खानेपानीको पहुच ९० प्रतिशत माथि रहेता पनि निर्माण भएका योजनाहरुलाई पुनः सुधार तथा मर्मत सम्भारको कामलाई निरन्तरता दिइनेछ ।

८९. आर्थिक अभावका कारणले राजश्व शिर्षकबाट तलब भत्ता प्राप्त गर्ने गाउँपालिका भरिका सम्पूर्ण करार कर्मचारीहरुलाई आवश्यकताका आधारमा करार सम्झौता थप गरिनेछ । साथै आर्थिक वर्ष २०७८।०७९ मा राजश्व शिर्षकबाट तलब भत्ता खाइरहेका करार कर्मचारीहरुलाई आ.व.२०७९।०८० मा बढ तलब दिन सकिने छैन ।

९०. गाउँपालिका क्षेत्रमा रहेको सार्वजनिक तथा प्रतिबाँझो जग्गाको अभिलेख तयार गरि सो जग्गाको अधिकतम उपयोगको माध्यामबाट ग्रामिण रोजगारी सृजना गर्ने उदेश्यले व्यक्ति, समुह, संस्था, सहकारी र नीजि क्षेत्रलाई उत्पादन तथा व्यवसायिक कार्यका लागि लिजमा दिने नीति लिइनेछ ।

९१. प्राकृतिक प्रकोप न्यूनिकरण तथा आर्थिक उन्नतिको उदेश्य लिई यस गाउँपालिकामा काम गर्न ईच्छुक विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु सँग साझेदारी गर्ने नीति लिइएको छ ।

९२. आ.व. २०७९।०८० मा विषम परिस्थिति सृजना भएमा अन्य जुनसुकै शीर्षकबाट रकम रकमान्तर गरी समस्या समाधानको नीति लिइनेछ ।

९३. नुन र खाद्यको डिपो गाउँपालिका केन्द्र सुईजिउलामा स्थापना गराउने नीति लिइनेछ ।

९४. पोषण कार्यक्रम लागु गर्न दातृ निकाय सँग साझेदारी गरिनेछ ।

९५. दातृ निकायहरु सँग साझेदारी गरी कार्यक्रम लागु गर्ने नीति लिदै फियान नेपाल सँग समन्वय गरि अगाडि बढिनेछ ।

९६. संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले विनियोजन गरेका योजनाहरुलाई समय भित्र सिफारिस लगाएत अन्य गर्नु पर्ने कार्य वडा कार्यालयले नगरेमा गाउँपालिकाले आफै अनुगमन, सिफारिस लगाएतका कार्य गर्ने नीति लिइनेछ ।

९७. महिला शाखा लाई सक्रिय बनाईने छ । हिंसा पिडीत महिलालाई विषेश राहत कोषको व्यस्था गरीनेछ ।

९८. स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रका जनतालाई सु.सुचित गर्नका लागि सामुदायिक रेडियो लगायतका विभिन्न संचार माध्यमसंगको समन्वय र सहकार्यको नीतिलाई अगाडी बढाईनेछ ।

९९. भौगोलिक विकटता, सेवा प्रवाह कारणले यस गाउँपालिकामा वडा विभाजन गर्ने नीति लिईनेछ ।

**अध्यक्ष ज्यू**

मुलूकमा सृजित कोरोना महामारी र प्राकृतिक प्रकोपका कारण बित्तीय संकटको वर्तमान अवस्थामा सिमिति स्रोत साधनका कारण यस गाउँपालिकामा हुनु पर्ने विकास निमार्णका कार्यहरुलाई पुरा गर्न केहि कठीनाई आउन सक्ने विषयमा हामी सजग र सचेत रहदै हाम्रा सम्पूर्ण प्रयासहरु स्वामीकार्तिक वासीको समग्र जीवनस्तर माथि उकास्नका लागि मेरो ज्ञान,सिप, क्षमता र ईमानले भ्याय सम्म सकारात्मक सोच राखी  न्यायीक तथा समानताको आधारमा कार्य गर्ने प्रण गर्दछु । विश्व जगतमा घटने घटना परिघटनाले  हामीलाई चुनौती मात्र होइन अवसर पनि दिनेछ । यहि अवसरको उपयोग गरी आर्थिक वृद्धि तर्फ हाम्रो देश अग्रसर हुनेछ र हामी पनि त्यसमै समाहित हुनेछौं । गाउँपालिकाले लिएका नीति र कार्यक्रमलाई सफल पार्न सम्बद्ध सबै पक्षबाट आवश्यक सहयोग गरिदिनुहुनेछ भन्ने विश्वास लिएको छु ।

**अन्तमा**

यस स्वामीकार्तिक खापर गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुको जिउ, धन र सुरक्षा लाई संकट र प्रभावित बनाउँन सक्ने गरी भविष्यमा आई पर्ने कुनै पनि खालका विपदहरुलाई सामाना गर्न आवश्यक पर्ने स्रोत र साधनलाई प्रयोग तथा परिचालन गर्नमा कुनै कसुर बाँकि राखिने छैन । यस्ता मानवीय संकटको सामना गर्ने सवाल तथा परिस्थितिमा कुनै पनि नीति नियमले असर गर्ने छैन भने कुराको यस गरिमामय सभालाई पूर्ण विश्वास दिलाउँन चाहन्छु ।

हामी निर्वाचित भई गठन भएको दोस्रो गाउँसभाको पहिलो अधिवेशनबाट गाउँसभामा वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा हामीले जनतामाझ गरेका प्रतिवद्धता एवं चुनावी घोषणा पत्र, नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशन सिद्धान्त, नागरिकाका मौलिक हक र दायित्व, नेपाल सरकारको चालु आवधिक योजना तथा प्रदेश सरकारको आवधिक योजनाका प्राथमिकताहरु, स्थानीय सरकार संचालन ऐनमा भएका व्यवस्थाहरु, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त नीतिगत मार्गदर्शन, दिगो विकास लक्ष्य, नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेका सन्धी महासन्धीहरु, गाउँपालिकाको प्रथम आवधि योजना तथा मध्यकालिन खर्च संरचनाका प्राथमिकताहरु आम गाउँपालिका बासीका चाहाना र यहाँका सम्भावनाहरुलाई समेटि विकासका सबै क्षेत्रहरुलाई समेट्ने गरि आधार लिइएकोछ । साथै एकिकृत विकासको अवधारणामा सबैको साझा प्रयासबाट नै यस अवधिमा हाम्रो स्वामीकार्तिक खापर गाउँपालिकाका नागरिकका लागि भरोसा योग्य सरकारका रुपमा स्थापित गर्ने यस नीतिको प्रमुख उद्देश्य रहेको छ ।

गाउँपालिकाको नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्नुहुने विषय विज्ञ, जनप्रतिनिधि, राजनितिक दल र कर्मचारी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद, नमस्ते ।

**प्रमाणित गर्ने**
**भरत बहादुर रोकाया**
**अध्यक्ष**
**स्वामीकार्तिक खापर गाउँपालिका, बाजुरा**